जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १८२ २०७९ साल फागुन ५ गते शुक्रबार (17 Feb. 2023 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशसभाः विभिन्न.. ३ पृष्ठमा : स्ववियु कार्यतालिका ... ३ पृष्ठमा युक्रेनको शान्तिका लागि चीन र फ्रान्स..

# नेवि संघ र तरुण दलको समिति विधान सम्वत गठन : प्रवक्ता यादव

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

नेपाली काँग्रेस सप्तरीले भातृ संगठन नेवि संघ र नेपाल तरुण दल सप्तरीको नवगठित समिति पार्टीको विधान सम्वत गठन गरिएको दाबी गरेको छ ।

पार्टीका सप्तरी प्रवक्ता नन्दकिशोर यादवद्वारा बिहीबार जारि विज्ञप्तिमा पार्टीको भातृ संगठनहरु नेवि संघ र तरुण दलको बिस्तार दुबै संगठनका अध्यक्षहरुद्वारा विधान सम्वत गठन गरिएको उल्लेख छ ।

विज्ञप्तिमा जिल्ला सभापतिले बहुमतिय प्रणालीबाट जिल्ला कार्य समितिमा विभिन्न निर्णयहरु गरिएकोप्रति गम्भिर ध्यानाकर्षण भएको जनाउँदै पार्टीलाई बदनाम गर्न पत्राचार गर्ने सचिव लगायत विभिन्न क्षेत्रिय सभापतिहरुलाई विधान नीति तथा सिद्धान्त विपरितका कार्य नगर्न तथा नगराउन सचेत समेत गराइएको छ ।

यसअघि बुधबार नेपाली काँग्रेस सप्तरीका जिल्ला सचिव प्रभुनारायण चौधरीसहित जिल्लाका चार मध्ये तीन क्षेत्रिय सभापतिसमेतले नवगठित नेवि संघ र तरुण दलको जिल्ला समिति विघटनको माग गर्दै पार्टीको केन्द्रिय समितिमा पत्रचार गरेका थिए ।




# सुनसरीमा तीन जनामा दादुरा पुष्टि

इनरुवा, ४ फागुन (रासस) ।

सुनसरीको बर्जु गाउँपालिका-२ मा तीन जनामा दादुरा रोगको पुष्टि भएको छ । बर्जु-२ मा सात महिने बच्चामा दादुरा पुष्टि भएपछि नमूना सङ्कलनपछि परीक्षण गर्दा थप दुई जनामा दादुरा पुष्टि भएको हो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सागर प्रसाईका अनुसार शरीरमा बिमिरा आउनुका साथै ज्वरो आएपछि दुवै जनाको स्वास्थ्य परीक्षण गर्दा दादुरा पुष्टि भएको हो । बर्जुमा दादुराको आशङ्कामा अन्यको नमूना सङकलन गरेर परीक्षणका लागि पठाइएको छ । विश्व स्वास्थ्य सङ्गठनको टोलीले बर्जुको २ नं वडामा बिरामीको नजिक रहेका र शङ्का गरिएकाको नमूना परीक्षणका साथै क्षेत्र, जिल्ला र स्थानीय तहको स्वास्थ्यकर्मीको टोलीलाई भेटेर जानकारी लिएको छ ।

गाउँपालिकासँगको समन्वयमा सबै विद्यालयमा दादुरासँग सम्बन्धित जानकारी बटुलिने काम सुरु गरिएको उहाँले जानकारी दिनुभयो । बर्जुमा दादुरा पुष्टि भएसँगै पछिल्लो एक महिनाभित्र पाँच वर्षमुनिका बालबालिकामा बिमिरा र ज्वरो आउनेजस्ता लक्षण देखापरे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न स्वास्थ्य कार्यालय सुनसरीले आग्रह गरेको छ ।

# भन्सार छलेका सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

सप्तरीको बोदेबरसाईन नगरपालिकाबाट प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको लत्ताकपडा तथा किरानाका सामानहरु बरामद गरेको छ ।

सो नगरपालिका वडा नं. १० खडकपुरमा भारतबाट भन्सार छलेर चोरी निकासी गरी ल्याएको ३७ हजार मुल्य बराबरको लत्ताकपडा तथा किरानाका सामानहरु बरामद गरेको हो ।

बरामद गरिएकाउक्त सामानहरु ईलाका प्रहरी कार्यालय बोदेबरसाईन सप्तरीबाट खटेका प्रहरी टोलीले बरामद गरि आवश्यक कारवाहीको लागी राजबिराज भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेस प्रदेशमा प्रदेशसभा सदस्यको बैंकमा खाता खोल्ने सम्बन्धमा विवाद

महेन्द्रनगर (धनुषा), ४ फागुन (रासस) ।

मधेस प्रदेशमा प्रदेशसभा सदस्यको बैंकमा खाता खोल्ने सम्बन्धमा बिवाद भएको छ । मङ्गलबार सर्वदलीय सहमतिअनुसार प्रदेशसभा सदस्यलाई आह्वान गरिएको थियो ।

सो सहमतिअनुसार नेपाली कांग्रेस संसदीय दलले मेगा बैंकका प्रतिनिधिलाई बोलाएको थियो । तर सुरक्षाकर्मीले एनएमबी बैंकबाहेक अरू बैंक प्रतिनिधिलाई आदेश छैन भनेर प्रवेश गर्न नदिएपछि विवाद उत्पन्न भएको हो ।

प्रहरीले बिहान ११ बजेदेखि २ बजेसम्मसभा सञ्चालन नभएसम्म ती बैंक प्रतिनिधिलाई भित्र छिर्न नदिएपछि कांग्रेसका प्रदेशसभा सदस्यले प्रदेशसभाको मूल गेटमा उभिएर धर्ना दिए । आफ्नो अतिथिलाई प्रवेश गर्न नदिइएको भनेर कांग्रेसका प्रदेशसभा सदस्यले सभा अवरूद्ध गरेपछि १० मिनेटका लागि सभा स्थगित गरिएको थियो ।

सभा अवरूद्धकै क्रममा सभामुख रामचन्द्र मण्डलले अतिथि भन्दै कसैले बम लिएर आएमा त्यसलाई कसरी छिर्न दिने भन्ने अभिव्यक्ति दिएपछि कांग्रेस सभा सदस्यले सदनभित्र सभामुख जस्ता जिम्मेवार व्यक्तिले अराजक अभिव्यक्ति दिनु गलत रहेको भन्दै सदनभित्रै विरोध जनाएका थिए । पछि सभामुख मण्डलसँग आफूखुसी जुन बैंकमा खाता खोलाउनुछ खोलाउनु भन्ने सहमति भएपछि बैठक सञ्चालन भएको हो ।

उता, कांग्रेस प्रदेशसभा सदस्य शेषनारायण यादवले कमिशनका लागि सभामुखले पदीय अहं देखाउँदै एनएमबी बैंकमा खाता खोल्न तानाशाही प्रवृत्ति देखाएको आरोप लगाउनुभयो । प्रदेशसभा सदस्य यादवले भन्नुभयो, "कहीँकतै कानूनी व्यवस्था छैन,सभामुखले भनेकै बैंकमा खाता खोल्नुपर्छ भनेर हामीलाई लिखित जानकारी पनि छैन, हाम्रो स्वतन्त्रता हो ।"

# सिलिण्डर पड्किएर घाइते सांसद भण्डारीको आमाको निधन, सांसद भण्डारीलाई थप उपचारका लागि भारत लगियो

काठमाडौं, ४ फागुन (रासस) ।

ग्यास सिलिण्डर पड्किएर घाइते भई उपचाररत नेपाली कांग्रेसका सांसद डा चन्द्रकान्त भण्डारीका आमा हरिकला भण्डारीको उपचारकै क्रममा निधन भएको छ ।

कीर्तिपुरस्थित कीर्तिपुर अस्पतालमा उपचारका क्रममा उहाँको निधन भएको अस्पतालका मेडिकल डाइरेक्टर डा निजिना ताम्राकारले जानकारी दिनुभयो ।

उहाँका अनुसार बिहीबर बिहान करिब १० बजेर ५७ मिनेटमा उहाँको निधन भएको हो । बुधबार राति ग्यास पड्किएर नेता डा भण्डारीसहित उहाँकी ८६ वर्षीया आमा हरिकला घाइते

***बाँकी तीन पृष्ठमा***

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी व्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### खेलमैदानको अभिभावक को ?

जिल्ला खेलकुद विकास समितिको मातहतमा रहेको राजविराजस्थित ऐतिहासिक राजरंगशाला जिर्ण अवस्थामा पुगेको छ। जिर्ण अवस्थामा पुगिसक्दा पनि सरोकारवाला निकाय यसप्रति उदासिन रहेका छन्। रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न न त खेलकुद विकास समितीले ध्यान दिइरहेको छ न त अन्य कुनै निकायले नै। रंगशाला खेलमैदान नभएर गौचरणमा परिणत भएको छ। यति मात्र नभएर यो मैदान शौच मैदानमा परिणत भएको छ।

नगरको मुटुमा रहेको यस मैदानमा बिहान मर्निङ वाक गरिन्छ। यस बाहेक दिनभरी गौचरण र साँझपख डेटिङ थलो तथा राती शौचालयमा परिणत हुन्छ। यति हुँदै हुँदै पनि कसैको ध्यान पुग्न सकेको छैन्। रंगशाला घेरिएको पर्खाल मसेत भत्किएको छ भने दर्शक बस्ने प्यारापिट जिर्ण भएको छ। प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना समेत बढेको छ। यस मैदानमा पटक पटक गरि एक दशकमा झण्डै दुई करोड रुँपैया विभिन्न बहानामा खर्चिएको छ। यही खेल मैदानमा माटो पुर्ने काममा अनियमितता भएको भन्दै राजविराज नगरपालिकाका मेयर भिमराज यादव निलम्बनमा परेका छन्। यति मात्र नभएर चार वर्षअघि रंगशालामा बत्ति बिजुली जडान गर्ने काममा मधेश प्रदेश सरकारले ९० लाख रुँपैया खर्चेको छ। जुन रकम दुरुपयोग भएको छ। हाल एउटै पनि बिजुली बत्ति रंगशालामा बल्दैन।

रंगशालाको नाममा बजेटको दुरुपयोग भइरहदा पनि यसप्रति सम्बन्धीत निकायले चु सम्म बोल्न सकेको छैन्। तसर्थ रंगशालालाई खेल मैदानको रुपमा पूर्णपरिणत गर्न सम्पूर्ण सरोकारवाला निकाय गम्भिर हुनुपर्छ।

# मधेस प्रदेशसभा: विभिन्न विषयगत समिति गठन

जनकपुरधाम, ४ फागुन (रासस)। मधेस प्रदेशसभाको मङ्गलबारको बैठकले विभिन्न विषयगत समिति गठन गरेको छ। सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १३ बमोजिम कार्यव्यवस्था तथा परामर्श समिति र नियमावलीको नियम १४६ बमोजिम विभिन्न विषयगत समिति गठनका लागि राख्नुभएको प्रस्ताव बैठकले पारित गरेको हो।

प्रदेशसभा बैठकमा पेश हुने विषयको प्राथमिकता, समयावधिको निर्धारणलगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएका अन्य विषयमा परामर्श गर्न गठन गरिने कार्यव्यवस्था तथा परामर्श समितिमा लखनदास तत्मा, हरिनारायण महतो, कुमारकान्त झा, जिवछीकुमारी यादव, रामअशिष यादव, चन्दनकुमार सिंह, रानीकुमारी तिवारी, रत्नेश्वर गोइत यादव, कञ्चन विछा, विमला अन्सारी तरन्नुम, उर्मिलादेवी सिंह रहनुभएको र नेकपा (माओवादी केन्द्र) बाट नाम आउन बाँकी रहेको सभामुखले जानकारी दिनुभयो।

त्यसैगरी प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १४६ बमोजिम विभिन्न विषयगत समितिसमेत गठन गरिएको छ। जसअनुसार सार्वजनिक लेखा समितिमा अभिराम शर्मा, उपेन्द्र महतो, कनिश पटेल, भन्दनकुमार सिंह, जनार्दनसिंह क्षेत्री, मञ्जुकुमारी थापामगर, मनिसकुमार सुमन, युवराज भट्टराई, रामअशिष यादव, रेखा ठाकुर, लखन दास तत्मा, शङ्करप्रसाद चौधरी, शेषनारायण यादव र हरिनारायण महतो रहनुभएको छ।

अर्थ तथा योजना समितिमा जङ्गीलाल राय, जैनब खातुन, दीपेन्द्रकुमार ठाकुर, प्रमोदकुमार यादव, फुलोकुमारी देवी, मालाकुमारी कर्ण, राजकुमार गुप्ता, रामबाबु यादव, श्यामप्रसाद पटेल, सञ्जयकुमार महतो, सकिल मियाँ र सतिशकुमार सिंह रहनुभएको छ।

त्यसैगरी कृषि तथा भूमि व्यवस्थापन समितिमा सरिताकुमारी साह, कौशलकिशोर राय, निलमकुमारी रजक, पलटीदेवी महरा, पल्टीदेवी यादव, बच्चा राउत अहिर, मोहम्मद रजी हैदर, मोहम्मद समिम, रमेशप्रसाद कुर्मी, लक्ष्मी देवी, शहिदा खातुन, सारदादेवी थापा र उर्मिलादेवी सिंह रहनुभएको छ।

प्रदेश मामिला समितिमा कृष्णप्रसाद यादव, जिवछीकुमारी यादव, त्रिलोकी प्रसाद, भरतप्रसाद साह, रमिता प्रधान, राजपतिदेवी जयसवाल, लालबाबु राउत, बीरेन्द्रप्रसाद सिंह, बेची लुङ्गेली, सरोजकुमार सिंह र हसिना खातुन, प्राकृतिक स्रोत तथा वातावरण समितिमा इन्दुकुमारी साह, गोविन्दबहादुर न्यौपाने, जितेन्द्रप्रसाद सोनार, त्रिभुवन साह, देवनारायण थारु, नागेन्द्र साह, नरुन नेसा, मनोजकुमार सिंह, विन्दुकुमारी यादव, शारदा दास पहाडी र ममतादेवी मण्डल रहनुभएको छ।

त्यसैगरी महिला बालबालिका तथा सामाजिक न्याय समितिमा अञ्जना पण्डित, अनिरुद्रकुमार सिंह, किरण कुमारी, किशोरी देवी, कुमरकान्त झा, जयचन्द्रप्रसाद पटेल, फकिरा महतो, भाग्यश्रीकुमारी चौधरी, मञ्जुकुमारी मण्डल, रानीकुमारी तिवारी, रुपाकुमारी यादव, ललिता दास, विनादेवी शर्मा र सकुन्ती देवी रहनुभएको छ।

विकास समितिमा शारदाशङ्करप्रसाद कलवार, कञ्चन विछा, जयनुल रायन, जवाहरलाल कुशवाह, प्रमोदकुमार जयशवाल, शोभा देवी, मोहम्मद समिर, मीनाकुमारी लामा, रत्नेश्वर गोइत यादव, रवीन्द्रदास श्रेष्ठ, राजेन्द्रप्रसाद चौधरी थारु, रामसरोज यादव, शम्भुकुमार साह, सुनिलकुमार यादव र विमला अन्सारी तरन्नुम रहनुभएको छ।

यसअघि विशेष समयमा प्रदेशसभा सदस्यले भ्रष्टाचार निवारण, स्वास्थ्य, शिक्षा, रोजगार, पूर्वाधार निर्माणलगायत जनजीविकासँग जोडिएका विषयमा आआफ्नो धारणा राख्नुभएको थियो। उहाँहरूले मधेस प्रदेशमा हाल देखिएका समस्या समाधानका लागि सरकारले गम्भीरतापूर्वक काम गर्नुपर्ने धारणा राख्नुभएको थियो।

# देशभरका स्थानीय तहको सहभागितामा न्यायिक समिति राष्ट्रिय सम्मेलन हुने

काठमाडौँ, ४ फागुन (रासस)। मुलुकभरका स्थानीय तहको सहभागिता गराउने उद्देश्यसहित काठमाडौँ महानगरपालिकाले आगामी चैत २४ र २५ गते न्यायिक समिति राष्ट्रिय सम्मेलन गर्ने भएको छ।

स्थानीय तहमा न्याय सम्पादनको अनुभव आदान-प्रदान गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको कामपाका उपप्रमुख एवं न्यायिक समिति संयोजक सुनिता डङ्गोलले जानकारी दिनुभयो। काठमाडौँमा हुने सम्मेलनमा देशभरका सबै स्थानीय तहलाई आमन्त्रण गरिने जनाइएको छ।

सम्मेलनको तयारीका लागि उपप्रमुख डङ्गोलको अध्यक्षतामा न्यायिक समिति मूल समारोह समिति गठन गरिएको छ। संयोजक डङ्गोलले सबै पालिकाका न्यायिक समितिबाट प्रतिनिधित्व गराउने र असल अभ्यास आदान-प्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो। सम्मेलनलाई नतिजामुखी बनाउने, प्राप्त उपलब्धिलाई संस्थागत अभिलेखमा राख्ने र आपसी सिकाइ प्रवर्द्धन गर्ने गरी सम्मेलन सञ्चालन गर्ने तयारी कामपाको रहेको छ।

सम्मेलन विशेषगरी चार मूल विषयमा केन्द्रित हुनेछ। न्यायिक समितिको अवधारणा, विभिन्न कानुनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलन प्रस्तुतिको एउटा विषय हो।

दोस्रो विषयका रूपमा स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धनसम्बन्धी विषय राखिएको छ। न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रिया तेस्रो प्रस्तुतिका रूपमा रहनेछ।

यस्तै न्यायिक समितिमार्फत भएका मिलापत्र र निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा त्यसका लागि आवश्यक संस्थागत प्रबन्ध प्रस्तुतिको चौथो विषय हुनेछ।

सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत प्रबन्धबाट उपयोगमा ल्याउन न्यायिक समिति राष्ट्रिय सञ्जाल, प्रदेश सञ्जाल र जिल्ला सञ्जाल चयन हुनेछ। राष्ट्रिय सञ्जालका पदाधिकारीको चयन पनि सम्मेलनबाटै हुने बताइएको छ। काठमाडौँ विवाद निरुपण घोषणा, २०७९ जारी गर्दै सम्मेलन सकिने बताइएको छ।

न्यायिक समितिले विशेषगरी सामान्य खालका मामिला, जग्गा जमिन, अंशबन्डा, साँध विवादजस्ता मुद्दाको टुङ्गो लगाउने छ। न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिकरूपमा गर्नेछन्। गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षितरूपमा राख्नुपर्ने छ। समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सम्बन्धित सभा गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ।

संवैधानिक व्यवस्थाअनुरूप नै गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# यती एयरलाइन्सको विमान दुर्घटनाबारे प्रारम्भिक प्रतिवेदन सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ फागुन ।**
गएको माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाबारे प्रारम्भिक प्रतिवेदन सार्वजनिक भएको छ । पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा गठन भएको ५ सदस्यीय जाँचबुझ आयोगले प्रतिवेदन सार्वजनिक गरेको हो । उक्त प्रतिवेदनले विमान दुर्घटनामा पर्नुअघि विमानमा समस्या आएपछि कमाण्ड परिवर्तन भएको विवरणमा उल्लेख गरिएको छ ।

दुर्घटना जाँच आयोगले बुधबार वेबसाइटमार्फत् सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनमा दुर्घटनाको १४ सेकेन्डअघि पाइलट अञ्जु खतिवडाबाट कमाण्ड प्रशिक्षक पाइलट कमल केसीले लिएका थिए ।

जहाज १० बजेर ५७ मिनेट ३२ सेकेन्डमा सेती खोँचमा खसेको थियो । त्यसको १४ सेकेन्ड अगाडि को-पाइलटको सिटमा रहेका प्रशिक्षक पाइलट केसीले जहाजको कन्ट्रोल लिएको प्रतिवेदनमा देखिएको छ । त्यसबेला जहाजमा खतरा जनाउने संकेत देखिइसकेको दुर्घटना जाँच आयोगको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ ।

खतराको संकेत पाएपछि बिहान १०:५७:१८ बजे विमानको नियन्त्रण अञ्जुले केसीलाई दिएकी थिइन् । उक्त अवस्थामा पाइलट अञ्जुले इन्जिनमा पावर नरहेको समेत केसीलाई बताएकी थिइन् । उक्त दुर्घटनामा चालक दलका ४ सहित ७२ जनाको निधन भएको थियो ।

प्रतिवेदनमा उल्लेख भएअनुसार एयर ट्राफिक कन्ट्रोलर ९एटिसी०ले उक्त विमान अवतरणका लागि धावनमार्ग ३० उपलब्ध गराएका थिए । तर, चालक दलले धावनमार्ग १२ मागेका थिए । त्यसपछि एटिसीले १२ मा अवतरण गर्न अनुमति दिएका थिए । बिहान १०:५१ मा धावनमार्गको उत्तरतर्फ १२ बाट अवतरण गर्न प्रयास भएको थियो । १०:५६ मा पाइलटहरूले विमानको पंखा १५ डिग्रीको पोजिसनमा राखेका थिए । धावनमार्गमा अवतरणका लागि विमानको ल्यान्डिङ गियरसमेत खोलेका थिए । विमानको मुख्य कमान्डमा रहेकी अञ्जुले विमानलाई देब्रेतर्फ नै निरन्तर लगिरहने हो कि होइन भन्ने सोधेकी थिइन् । प्रशिक्षक केसीले निरन्तरता दिन निर्देशन दिएका थिए । खतिवडाले विमान तल लग्ने कि नलग्ने भन्ने सोध्दा त्यो आवश्यक नरहेको भन्दै केसीले अलिकति बढी पावर लगाउन निर्देशन दिएका थिए । अन्तिममा खतिवडाले विमानको सम्पूर्ण कमान प्रशिक्षक केसीलाई सुम्पिएकी थिइन् ।

तर, इन्जिनको पावर नआएको पत्तो पाएसँगै अन्तिम क्षणमा उनले जहाजको कमान्ड प्रशिक्षक पाइलट केसीको हातमा सुम्पिएको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ ।

दुर्घटनाका बेला जहाज धावनमार्गको बेस लेगमा थियो । अर्थात् जहाज मोड्नुपर्ने अवस्थामा थियो । त्यसबेला दुवै इन्जिनका प्रोपेलहरू फेदरमा गएको देखिएको छ । यस अवस्थामा जहाज अगाडि बढ्न सक्दैन । जसले गर्दा जहाज सेती खोँचमा झरेको थियो ।

यो अवस्था आउनुमा इन्जिनकै खराबी थियो, मानवीय कमजोरी भयो वा अवतरण गर्ने मार्गमै केही समस्या थियो भन्नेबारे विस्तृत प्रतिवेदनले मात्र देखाउने भएको छ । दुर्घटना जाँच आयोगले अबको अनुसन्धान यी तीन विषयमा केन्द्रित हुने बताएको छ ।

सो दिन उही चालक दलका सदस्यको यो तेस्रो उडान थियो । जहाज भिएफआर प्रणालीबाट अवतरण गरिएको थियो ।

दुर्घटना जाँच आयोगले सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्युरोमा फ्लाइट डेटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डेटा विश्लेषण गरेको थियो । फ्लाइट डेटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको डेटा विश्लेषण गर्न आयोगको नेतृत्वमा सिंगापुर, फ्रान्स, क्यानडा र आयसाका प्रतिनिधिसमेत बसेर प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको आयोगले जनाएको छ ।

# स्पट फिक्सिङ प्रकरण : सिआइबीले बुझायो अनुसन्धान प्रतिवेदन

काठमाडौं, ४ फागुन (रासस) ।
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले दुई महिनाअघिको टी–२० क्रिकेट लिगमा भएको भनिएको स्पट फिक्सिङ प्रकरणको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको छ ।

सिआइबीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापाका अनुसार १२ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउनुपर्ने रायसहित आफ्नो प्रतिवेदन बुझाइएको जानकारी दिनुभयो । उहाँका अनुसार उनीहरूमाथि स्वाभाविक नतिजालाई फेरबदल गर्न मद्दत गरेको, फिक्सिङमा मिलेमतो गरेको र गर्न दुरुत्साहन गरेको आरोप लगाइएको छ । दुई खेलाडीमाथि भने नतिजा फेर बदरमा मद्दत गरेको आरोप छ ।

प्रहरीका अनुसार व्यवस्थापकीय भूमिकामा रहेका, खेलाडीको सम्पर्कमा आएका र खेलमा सहभागी खेलाडी फिक्सिङमा संलग्न रहेको पाइएको छ ।

यसअघि प्रहरीले सप्तरीको राजविराज घर भएका २० वर्षीय पूर्वक्रिकेटर महबुल आलम, बारा सिम्रौनगढका २० वर्षीय खेलाडी मोहमद आदिल आलम र नितेश गुप्तालाई पक्राउ गरिसकेको छ ।

कीर्तिपुरस्थित क्रिकेट मैदानमा पुस ९ देखि २७ गतेसम्म उक्त खेल भएको थियो । नेपाल क्रिकेट सङ्घ क्यानको आयोजना तथा भारतको सेभेन थ्री स्पोर्ट्स प्रालिको रणनीतिक तथा व्यावसायिक साझेदारीमा खेल खेलाइएको थियो ।

मुख्यतः लिगको प्रतिस्पर्धामा आउने परिणामलाई प्रतिकूल हुने गरी बाजी जिताउने वा हराउने उद्देश्यले खेलको मिलेमतो गरेको पाइएकाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अन्तर्गतको कसुरमा तीन वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवानाको माग गरिएको सिआइबीले जनाएको छ । सिआइबीका अनुसार सुरुमा पूर्वराष्ट्रिय खेलाडीसमेत रहेका महबुब आलमले दुई नेपाली खेलाडीलाई प्रलोभन देखाई स्पट फिक्सिङको प्रयास गरेका थिए । मोहम्मद आदिल आलमलाई एउटा नोबल र एउटा वाइड बल खेल्न भनिएको र उनले दुईवटा खेलमा सोही प्रकृतिको खेल खेलेको दाबी सिआइबीको छ ।

एक विदेशी खेलाडीलाई खेलको व्यवस्थापन समूहबाटै लोभ देखाएर फिक्सिङको प्रस्ताव गरेको पनि प्रहरीले जनाएको छ । टिम म्यानेजरको निर्देशनमा विदेशी खेलाडीले एक सेसनमा निर्धारित रन मात्रै बनाई स्पट फिक्सिङ गरेको सिआइबीको दाबी छ ।

केही फ्रेन्चाइज टिमको आर्थिक स्रोत र खेलाडीको पारिश्रमिकको स्रोत पनि खुलेको नपाइएको जनाएको छ । उक्त घटनाको अनुसन्धानका लागि सिआइबीका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति पनि गठन गरिएको थियो ।

# कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका व्यक्तिले बैंक खाता खोल्न नपाउने

काठमाडौं, ४ फागुन (रासस) ।
कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका व्यक्तिले बैंक खाता खोल्न नपाउने भएका छन् । नेपाल राष्ट्र बैंकले 'बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको एकीकृत निर्देशन, २०७९' सार्वजनिक गर्दै यस्तो व्यवस्था गरेको हो ।

नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ र गत माघ मसान्तसम्म जारी गरिएका विभिन्न परिपत्र तथा संशोधन समावेश गरी एकीकृत निर्देशन, २०७९ जारी गरिएको हो । करिब एक दर्जन संशोधित व्यवस्था राखेर जारी गरिएको उक्त निर्देशनमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको व्यक्तिले बैंक खाता खोल्न नपाउने व्यवस्था गरिएको छ ।

"नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाले कुनै पनि खाता खोल्नुपूर्व कर्जा सूचना केन्द्रको विवरणअनुसार निक्षेपकर्ता कालोसूचीमा नरहेको यकिन गरेर मात्र खाता खोल्नुपर्नेछ", एकीकृत निर्देशनमा भनिएको छ । त्यस्तै, रु तीन लाखसम्मको क्रेडिट कार्ड कर्जा र विद्युतीय माध्यमबाट स्वीकृत हुने रू पाँच लाखसम्मको कर्जामा कर्जा सूचना लिनु अनिवार्य नहुने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ ।

"ब्याजदर प्रकाशन गर्दा ग्राहकमा कुनै किसिमको भ्रम सिर्जना नहुने गरी अनिवार्यरूपमा वार्षिक ब्याजदर प्रतिशत प्रकाशित गर्नुपर्ने छ । ब्याज पूँजीकरणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी आवश्यकता एवं औचित्यका आधारमा ब्याज पूँजीकरण गर्न सक्नेछन्", राष्ट्र बैंकले भनेको छ ।

विप्रेषण बचत खातामा बचत गरिदिएको रु एक सय बराबर रकमलाई संस्थागत सामाजिक उत्तरदायित्वमा गणना गर्न पाइनेछ । "वैदेशिक रोजगारीमा जाने नेपालीको विप्रेषण बचत खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रतिखाता रु एक सयसम्मको खर्च रकमलाई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट खर्च ब्यहोर्न सकिने छ", एकीकृत निर्देशन २०७९ मा उल्लेख छ ।

त्यस्तै, शाखा कार्यालय खोल्नेसम्बन्धी व्यवस्थाबाट निष्क्रिय कर्जा अनुपातसम्बन्धी शर्त हटाइएको छ ।नयाँ व्यवस्थाअनुसार छ महिनाभन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । साथै यस्तो मुद्दती निक्षेप छ महिना सकिनुअगावै कुनै पनि रकम भुक्तानी वा फिर्ता गर्न पाइने छैन । कर्जाको पुनःसंरचना र पुनरतालिकीकरणसम्बन्धी व्यवस्थालाई थप परिमार्जन गरी व्यवस्थित गरिएको राष्ट्र बैंकले जनाएको छ ।

उक्त निर्देशनमा भनिएको छ, "पुनःसंरचना वा पुनरतालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भइरहेका कर्जालाई विभिन्न शर्तको पालना गरी पुनःसंरचना र पुनरतालिकीकरण गरिएमा न्यूनतम १२ दशमलव पाँच प्रतिशत कर्जा नोक्सानीको व्यवस्था गर्नुपर्नेछ ।"


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं
➢ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
➢ आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
➢ शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
➢ मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।
त्यसैले,
प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।
७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*